"Access to All"

121366

# गरिमा विकास बैंक लिमिटेड
# Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

च.नं. : ग.वि.बैं.लि./२०८१/०८२/७०२

मिति : २०८१/१०/०२

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
युएनआई शान्तिमार्ग, काठमाण्डौं ।

**विषयः अठारौं वार्षिक साधारण सभाको निर्णयको जानकारी गराईएको सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस गरिमा विकास बैंक लिमिटेडको अठारौं वार्षिक साधारण सभा मिति २०८१ पौष २९ गते सोमबारको दिन होटल पोखरा ग्राण्ड, पोखरा, कास्कीमा सम्पन्न भयो । सञ्चालक समितिको तर्फबाट उक्त साधारण सभामा प्रस्तुत निम्नानुसारका प्रस्ताव उपर छलफल भई सम्पूर्ण प्रस्तावहरु पारित भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु । साथै, अठारौं बार्षिक साधारण सभा सम्बन्धी विस्तृत विवरण तथा साधारण सभाबाट भएका निर्णयहरु सहितको माइन्युट पछि पेश गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछु ।

**तपसिल**

**क. सामान्य प्रस्तावतर्फ**

१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भई पारित भएको ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको विकास बैंकको २०८१ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०८०/०८१ को नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण, नाफा-नोक्सान बाँडफाँड हिसाब, इक्वीटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल भई पारित भएको ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम विकास बैंकको चुक्ता पूँजी रु.५,६८,०५,१७,३२७.५७ (अक्षरेपी पाँच अर्ब अड्सठ्ठी करोड पाँच लाख सत्र हजार तीन सय सत्ताईस र पैसा सन्ताउन्न मात्र) को ५ प्रतिशतले हुन आउने रकम रु.२८,४०,२५,८६६.३८ (अक्षरेपी अठ्ठाइस करोड चालिस लाख पच्चिस हजार आठ सय छैसठ्ठी र पैसा अठ्तीस मात्र) नगद लाभांश (कर सहित) वितरण गर्ने प्रस्ताव उपर छलफल भई उक्त प्रस्ताव पारित भएको ।

४. आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर छलफल भई पी.एल.आर.जी. एसोसिएट्स, चार्टड एकाउन्टेन्ट्स, पुतलीसडक, काठमाण्डौलाई आ.व. २०८१/०८२ को बाह्य लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने निर्णय भएको ।

५. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनीहरुको समूहको तर्फबाट ३ (तीन) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी प्रस्तावको सम्बन्धमा तपसिलमा उल्लेखित सञ्चालकहरु निर्विरोध रुपमा निर्वाचित हुनुभएको ।

**तपसिल**

| क.सं. | नाम, थर | ठेगाना | प्रतिनिधित्व समूह |
|---|---|---|---|
| १ | श्री दिलिप प्रताप खाण | वालिङ्ग, स्याङ्गजा | संस्थापक |
| २ | श्री श्याम प्रसाद बस्याल | गल्याङ्ग, स्याङ्गजा | संस्थापक |
| ३ | श्री दिपेन्द्र श्रेष्ठ | वेनी, म्याग्दी | संस्थापक |
| ४ | श्री विमल पाण्डे | गितानगर, चितवन | सर्वसाधारण |
| ५ | श्री शोभाकान्त ढकाल | वालिङ्ग, स्याङ्गजा | सर्वसाधारण |
| ६ | श्री आयुष्मा कोइराला | पोखरा, कास्की | सर्वसाधारण |

Head Office : Kathmandu-2, Lazimpat, Ph.: 01-4545424/25/26/27/28/30, Toll Free No.: 16600145444, Call Center No. 015970179
URL: www.garimabank.com.np, Email : info@garimabank.com.np

**ख. विशेष प्रस्तावतर्फ**

१. गरिमा विकास बैंक लिमिटेड र अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमति-पत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्तावमा छलफल भई सो प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको ।

**ग. विविध** - कुनै प्रस्ताव नरहेको ।

भवदीय,

Garima Bikas Bank Limited Head Office: Lazimpat, Kathmandu

...........

अनिल रेग्मी
कम्पनी सचिव

**बोधार्थ:**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

२. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।